# खावासाकी अन्तर्राष्ट्रिय केन्द्र

# KIAN हेल्लो खावासाकी

**अंग्रेजी, चिनियाँ, कोरियन अथवा उत्तर कोरियन, स्पेनिश, पोर्तुगाली, तागालोग,**
**भियतनामी, थाई, इन्डोनेसियाली, नेपाली र सजिलो जापानिज**

संघको होम पेज（https://www.kian.or.jp/hlkwsk.html）मा हेर्नु होस् ।

खावासाकी अन्तर्राष्ट्रिय संघ २-२ किजुकी गिओन्च्यो, नाकाहारा वडा, खावासाकी, खानागावा प्रान्त, २११-००३३,जापान
फोन नं:044-435-7000 फ्याक्स नं:044-435-7010 https://www.kian.or.jp/ ईमेल : kiankawasaki@kian.or.jp

**************************************************************************

## विदेशीहरुको लागि रमाईलो र उपयोगी जापानिज भाषाको कक्षा

- सानो समूह बनाएर समूहमा पढाईन्छ ।
- जापानिज संस्कृति तथा आफू बस्ने क्षेत्र र त्यहाँ आईपर्ने प्राकृतिक प्रकोपको बारेमा बुझ्नको लागि आवश्यक कार्यक्रमहरु पनि हुन्छ ।



**बिहानको कक्षा प्रत्येक मंगलबार र शुक्रबार बिहान ९:५० देखि ११:५० सम्म**

पहिलो सेमेस्टर अप्रिल १३ तारिख (मंगलबार) – जुलाई २ तारिख (शुक्रबार) (२२ पटक) १२,१०० येन
दोस्रो सेमेस्टर सेप्टेम्बर १४ तारिख (मंगलबार) – डिसेम्बर ३ तारिख (शुक्रबार) (२२ पटक) १२,१०० येन
तेस्रो सेमेस्टर २०२२ साल जनवरी ११ तारिख (मंगलबार) – मार्च ११ तारिख (शुक्रबार) (१७ पटक) ९,३५० येन

※निःशुल्क बच्चा हेरिदिने सुविधा छ । (१ वर्ष भन्दा माथिको) ※पाठ्यक्रमको शुल्क छुट्टै लाग्ने छ।



**बेलुकीको कक्षा प्रत्येक बुधबार साझँ ६:३० देखि ८:३० सम्म**

पहिलो सेमेस्टर अप्रिल १४ तारिख – जुलाई ७ तारिख (बुधबार) (१२ पटक) ६,६०० येन
दोस्रो सेमेस्टर सेप्टेम्बर १ तारिख – डिसेम्बर १५ तारिख (बुधबार) (१५ पटक) ८,२५० येन
तेस्रो सेमेस्टर २०२२ साल जनवरी १२ तारिख – मार्च १६ तारिख (बुधबार) (९ पटक) ४,९५० येन

※**बच्चा हेरिदिने सुविधा छैन ।** ※पाठ्यक्रमको शुल्क छुट्टै लाग्ने छ।

स्थान : खावासाकी अन्तर्राष्ट्रिय केन्द्र
सम्पर्क : खावासाकी अन्तर्राष्ट्रिय संघ
फोन नं : 044-435-7000 ईमेल : kiankawasaki@kian.or.jp

※कक्षा शुरुहुने दिन परिवर्तन पनि हुन सक्छ। त्यसैले आवेदन फारम भर्न जादा राम्ररी सोधेर हेर्नुहोस्।

**************************************************************************

## खावासाकी शहरको साकुरा फूल फुलेको हेर्ने मुख्य ठाउँहरु

यो वर्ष मार्चको अन्त्य देखि अप्रिलको शुरु सम्म साकुरा फुल फुलेको हेरेर आनन्द लिन सक्नु हुन्छ।
खावासाकी शहरमा विभिन्न आकर्षण भएको पार्क र हरिया ठाउँहरू धैरे छन्।
गत बर्षमा जस्तै साकुराका फूलहरू हेर्नको लागि उपयुक्त अरु केहि विशेष सुन्दर ठाउँहरुको परिचय यस प्रकारका छन्। समय मिलाएर हेर्न जानु होस् ।



### निखार्योउ योउसुइ (तामा वार्ड • JR नान्बू लाइन, स्युकुगावारा स्टेशनबाट हिडेर २ मिनेट)

एदो कालमा निर्माण गरिएको ऐतिहासिक सिंचाई नहरको दाँया बाँया लगभग २ किमी सम्म लहरै करीव 400 वटा साकुराका रुखहरु रोपिएको छ।

### आसाओगावा (आसाओ वडा, ओदावारा लाईन, खाकिओ स्टेशनबाट हिडेर ३ मिनेट)

खोलाको किनारमा रोपिएको २५० वटा साकुराका रुखहरुको लहरले गुलाबी रंगको सुरुङ्ग बनाएको पाइन्छ।



# कोरोनाको कुरालाई लिएर चिन्तित हुनुहुन्छ भने



**◎सधै जचाउने चिकित्सकसँग परामर्श लिनुहोस्। ◎सधै जचाउने चिकित्सक नभएको खण्डमा,**

**१. ज्वोरो,खोकी र घाँटी दुख्ने जस्ता लक्षणहरु देखापरेको छ भने,**
**ज्वोरो आदि उपचार गर्ने केन्द्रमा सम्पर्क गर्नुहोस् ।**
**फोन नं :** 0570-048914 (IP फोन आदि बाट फोन गरेर नलागेको खण्डमा 045-285-1015 मा फोन गर्नुहोस्।)
**सम्पर्क समय :** बिहान ९:०० देखि राति ९:०० सम्म (शनिबार/आइतबार र बिदाको दिनहरुमा पनि सेवा उपलब्ध छ।)

**२. लक्षणहरु केहि पनि देखापरेको छैन् भने,**
**खावासाकी शहरको कोरोना भाइरस संक्रमण सम्बन्धि फोन मार्फत सम्पर्क केन्द्रमा फोन गर्नुहोस्।**
**फोन नं :** 044-200-0730
**सम्पर्क समय :** २४सै घण्टा (शनिबार/आइतबार र बिदाको दिनहरुमा पनि सेवा उपलब्ध छ।)



**स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयको बहुभाषी टेलिफोन परामर्श काउन्टर**
**(फोन मार्फत सम्पर्क केन्द्र)**

**फोन नं :** 0120-565653 (फोन गरेको शुल्क लाग्दैन्।)
**परामर्श सेवा उपलब्ध हुने भाषाहरु : अंग्रेजी, चिनियाँ, कोरियन, स्पेनिश, पोर्तुगाली, भियतनामी, थाई**
**सम्पर्क समय : अंग्रेजी, चिनियाँ, कोरियन, स्पेनिश, पोर्तुगाली भाषा** बिहान ९:०० देखि राति ९:०० सम्म
**◇थाई भाषा :** बिहान ९:०० देखि साझँ ६:०० सम्म **◇भियतनामी भाषा :** बिहान १०:०० देखि साझँ ७:०० सम्म

*******************************************************************************

# खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको विदेशी भाषाको परामर्श सेवा

केहि प्रश्न भएमा अथवा तपाईलाई केहि समस्या परेमा हामीलाई सम्पर्क गर्नुहोला। (नि:शुल्क)



## ★अप्रिल देखि परामर्श सेवाको समय लम्बिने भएको छ!

**＊परामर्श सेवाको समय** मार्च ३१ तारिख सम्म बिहान १०:०० देखि १२:०० सम्म र दिउँसो १:०० देखि ४:०० सम्म

**अप्रिल १ तारिख बाट बिहान ९:०० देखि ५:०० सम्म**
**(दिउँसोको खाजा खाने समयमा पनि परामर्श सेवा उपलब्ध हुनेछ।)**

**＊परामर्श सेवाको प्रत्यक्ष नं** 0454-455-8811

| भाषा | बार |
|---|---|
| अंग्रेजी | सोमबार देखि शनिबार |
| पोर्तुगाली | मंगलबार र शुक्रबार |
| कोरियाली/उत्तर कोरियाली | मंगलबार र बिहीबार |
| भियतनामी | मंगलबार र शुक्रबार |
| इन्डोनेसियाली | मंगलबार र बुधबार |

| भाषा | बार |
|---|---|
| चिनियाँ | सोमबार देखि शनिबार |
| स्पेनिश | मंगलबार र बुधबार |
| तागालोग | मंगलबार र बुधबार |
| थाई | सोमबार र मंगलबार |
| नेपाली | मंगलबार र शनिबार |

खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको होमपेज

## ＊प्रशासनिक अधिकृतद्वारा नि:शुल्क परामर्श सेवा

(जापानिज भाषामा मात्र परामर्श सेवा उपलब्ध गराइने भएतापनि अनुवाद गराई लिने व्यवस्थाको बुकिंग पनि गर्न सकिने, तर सशुल्क)

मिति र समय : अप्रिल १८ तारिख (आइतबार) र मे १६ तारिख(आइतबार) दिउँसो २:०० देखि ४:०० सम्म
स्थान : खावासाकी अन्तर्राष्ट्रिय केन्द्र दोस्रो तल्ला, संघको बैठक कोठा